**आकाशवाणी समाचार- नेपाली**

मितिः ०४ मई २०२६

समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**प्रमुख समाचार**

चार राज्यहरू असम, पश्चिम बङ्गाल, केरला, तमिलनाडु र केन्द्र शासित प्रदेश पुडुचेरीमा विधानसभा चुनावको मतगणना आज बिहान आठ बजेबाट सुरु भएको छ।

पश्चिम बंगालमा विधानसभाको 293 सीटहरुमध्ये ५४ को रूझान प्राप्त भएको छ।

**भाजपा** ले ४१ सीटहरुमा बढत बनाएको छ भने **तृणमूल कांग्रेस गठबंधन** ११ सीटहरुमा अघि चलिरहेको छ।

पश्चिम बंगालमा गोर्खाल्याण्ड प्रादेशिक प्रशासन क्षेत्र अंतर्गत आउने तीन विधानसभा सीटहरुको मतगणनाको लागि सबै व्यवस्था गरिएको छ।

पश्चिम बंगाल विधानसभा चुनाव 2026 को मतगणनालाई लिएर राज्यका मुख्य निर्वाचन अधिकारी मनोज कुमार अग्रवालले मतगणनाका लागि त्रिस्तरीय सुरक्षा व्यवस्था मिलाइएको बताउनु भएको छ ।

नेपालको बालेन सरकारले भारत र चीनबीच लिपुलेक भञ्ज्याङ हुँदै सञ्चालन भइरहेको कैलाश मानसरोवर यात्राको विरोध गर्दै दुवै देशलाई कूटनीतिक पत्र पठाएको छ।

**मतगणना**

असम, पश्चिम बंगाल, केरलम, तमिलनाडु र पुद्दुचेरीमा विधानसभा चुनावको मतगणना शुरू भएको छ।सबैभन्दा पहिले डाक मतपत्रको गणना भइरहेको छ। केही राज्यहरूबाट प्रारम्भिक रुझानहरु आउन थालेका छन्।

**असम** मा विधानसभा को **एक सय 26** सीटहरुको मतगणनामा , भारतीय जनता पार्टी **दस सीटहरुमा** अघि चलिरहेको छ , जबकि कांग्रेस **एक सीट** मा अघि छ। **एक सीट** मा असम गण परिषद का उम्मीदवार अघि रहेको छ।

**केरलम** मा **एक सय 40** विधानसभा सीटहरुको मतगणना चलिरहेको छ। मार्क्सवादी कम्यूनिस्ट पार्टी **तीन सीटहरुमा** , कांग्रेस पार्टी **पांच सीटहरुमा** र भारतीय जनता पार्टी **एक सीट** मा अघि छन्।

**तमिलनाडु** मा सत्तारूढ डी.एम.के. **एक सीट** मा अघि छ , जबकि टी.वी.के. पार्टीले **एक सीट मा** बढत बनाएको छ ।

**पश्चिम बंगाल** मा दुई सय 94 विधानसभा सीटहरुको मतगणनामा भारतीय जनता पार्टी **तीन सीटहरुमा अघि रहेको छ**।

तमिलनाडुमा मतगणना शांतिपूर्वक चलिरहेको छ। विधानसभाको 234 सीटहरुमध्ये 11 को रूझान प्राप्त भएको छ।

**एआईएडीएमके गठबंधन 2** सीटहरुमा अघि छ।

**डीएमके गठबंधन ले 8** सीटहरुमा बढत बनाएको छ।

**अन्य** 1 सीटहरुमा अघि चलिरहेको छ।

केरलममा मतगणना शांतिपूर्वक चलिरहेको छ। विधानसभाको 140 सीटहरुमध्ये 12 को शुरूआती रूझान प्राप्त भएको छ।

**भाजपा गठबंधन** 2 सीटहरुमा अघि चलिरहेको छ।

**वामपंथी गठबंधन एलडीएफ को 3** सीटहरुमा बढत छ।

**कांग्रेस नेतृत्व वाला यूडीएफ 7** सीटहरुमा अघि रहेको छ।

असम विधानसभा को 126 सीटहरुमध्ये 22 को रूझान प्राप्त भएको छ।

**भाजपा गठबंधन** 20 सीटहरुमा अघि चली रहेको छ।

**कांग्रेस गठबंधनले** 2 सीटहरुमा बढत बनाएको छ।

## पश्चिम बंगाल-मतगणना-0848

पश्चिम बंगालमा विधानसभाको 293 सीटहरुमध्ये ५४ को रूझान प्राप्त भएको छ।
**भाजपा** ले ४१ सीटहरुमा बढत बनाएको छ।

**तृणमूल कांग्रेस गठबंधन** ११ सीटहरुमा अघि चलिरहेको छ।
**अन्य** 2 सीटहरुमा अघि चलिरहेको छ। भाजपाका वरिष्ठ नेता शुवेन्दु अधिकारी भवानीपुर अनि नंदीग्राम दुवै सीटहरुमा अघि छन्। भवानीपुरमा उहाँको प्रतिस्पर्धा राज्य की मुख्यमंत्री ममता बनर्जी सित रहेको छ।

## भवानीपुरमा ममता बनर्जी बनाम शुभेंदु अधिकारीको मुकाबिला

पश्चिम बङ्गाल विधानसभा चुनावको मतगणनामा कोलकाताको भवानीपुर सिट रोचक बनेको छ। भवानीपुर विधानसभा सिटमा ममता बनर्जरीका लागि प्रतिस्पर्धा पहिलेको जस्तो सजिलो छैन। यसपटक उहाँलाई भाजपा नेता शुभेन्दु अधिकारीसँग कडा टक्कर दिने अपेक्षा गरिएको छ।निर्वाचन आयोगका अनुसार भवानीपुरमा २० चरणमा मतगणना हुनेछ।

चुनाव प्रचारका क्रममा ममता बनर्जीले सबै धर्मको समानता र विकासको मुद्दामा जोड दिएकी थिइन्। उहाँले अभियानको अन्तिम चरणमा सक्रिय रूपमा भाग लिइन , जबकि मन्त्री फिरहाद हाकिमले अधिकांश समय आफ्नो निर्वाचन क्षेत्रमा अभियानको जिम्मेवारी लिए। अर्को तर्फ भाजपाका उम्मेदवार शुभेन्दु अधिकारीले चुनावी अभियानभरि हिन्दुत्वको मुद्दालाई प्रमुखता दिए। उहाँले भवानीपुरका गुजराती, राजस्थानी र मारवाडी समुदायका गैर-बङ्गाली हिन्दू मतदाताहरूलाई लोभ्याउन खोजेका थिए।
भवानीपुर विधानसभा निर्वाचन क्षेत्रमा कोलकाता नगर निगमका आठ वर्ड — ६३, ७०, ७१, ७२, ७३, ७४, ७७ र ८२ शामेल छन्।

## दार्जिलिंग मतगणना कड़ा सुरक्षा

पश्चिम बंगालमा गोर्खाल्याण्ड प्रादेशिक प्रशासन क्षेत्र अंतर्गत आउने तीन विधानसभा सीटहरुको मतगणनाको लागि सबै व्यवस्था गरिएको छ। कलिम्पोंग विधानसभा क्षेत्रको मतगणना स यु म आइ स्कूल परिसरमा हुनेछ। यसै प्रकार, दार्जिलिंग विधानसभा क्षेत्रको मतगणना दार्जिलिंग सरकारी कॉलेजमा र खर्सांग विधानसभा क्षेत्रको मतगणना सेंट अल्फोंस स्कूल परिसरमा हुनेछ। सी.ए.पी.एफ. र पुलिस कर्मिहरुको तैनाती गरिएको छ। सुचारू र पारदर्शी मतगणना प्रक्रियाको लागि मतगणना केंद्र भित्र ड्रोन, मोबाइल फोन र ज्वलनशील वस्तुहरुको उपयोगमाथि रोक लगाइएको छ।

## दार्जिलिङ मतगणना

बंगाल विधानसभा चुनावको मतगणना सुरु भएको छ दार्जिलिङ, खरसाङ र कालेबुङमा मतगणना सुरु भएको छ। पहिलो रुझान आउन बाँकी रहेको छ। कालेबुङमा ब्यालेट भोटमा रुदेन सादा लेप्चा अघि रहेको बताइएको छ। खरसाङमा कडा सुरक्षाबीच मतगणना शुरु भएको छ|

## मतगणनालाई लिएर त्रिस्तरीय सुरक्षा व्यवस्था ,

पश्चिम बंगाल विधानसभा चुनाव 2026 को मतगणनालाई लिएर निर्वाचन आयोगले व्यापक तैयारि गरेको छ। राज्यका मुख्य निर्वाचन अधिकारी मनोज कुमार अग्रवालले हिज साँझ मीडियासितको बातचीतमा व्यवस्थाबारे जानकारी दिनुहुदै मतगणनाका लागि त्रिस्तरीय सुरक्षा व्यवस्था मिलाइएको बताउनु भयो ।

त्री -स्तरीय सुरक्षा व्यवस्था अन्तर्गत बाहिरी घेरामा राज्य पुलिस , दोस्रो तहमा रैपिड एक्शन फोर्स र आन्तरिक स्तरमा सीआरपीएफलाई खटाइएको छ। सबै मतगणना केन्द्रहरूलाई सीसीटीभीद्वारा निरन्तर निगरानी गरिनेछ र फुटेज रेकर्ड गरिनेछ।

मुख्य निर्वाचन अधिकृतले मिडियाका लागि छुट्टै मिडिया सेन्टर स्थापना गरिएको र त्यहाँ मोबाइल फोन राख्न अनुमति दिइएको बताउनु भयो । तर, अन्तिम सुरक्षा घेरा नाघेपछि कुनै पनि विद्युतीय उपकरण भित्र पस्न दिइने छैन।

निर्वाचन आयोगले कुनै पनि तहमा सुरक्षा व्यवस्थामा कमी भएमा सम्बन्धित पदाधिकारीको जिम्मेवारी तोकिने स्पष्ट पारेको छ। सुरक्षाको पहिलो तहमा नपुगी दोस्रो तहमा पुगेमा त्यो जिम्मेवारी पहिलो तहका कर्मचारीको हुनेछ। दोस्रो तहभन्दा माथि तेस्रो तहमा पुग्न कुनै कमी भएमा दोस्रो तहका कर्मचारी जिम्मेवार हुनेछन्। एकै समयमा, यदि तीनै तहमा गल्ती भयो भने सम्बन्धित सबै अधिकारीहरूलाई संयुक्त रूपमा जिम्मेवार बनाइनेछ र उनीहरूविरुद्ध कडा कारबाही गरिनेछ। यसका लागि सबै कर्मचारीलाई प्रशिक्षण दिइसकेको छ ।

## चुनाव आयोग-चेतावनी

राज्यमा आज हुन गइरहेको विधानसभा चुनावको मतगणनालाई लिएर चुनाव आयोगले सरकारी कर्मचारीहरुलाई कड़ा चेतावनी दिएको छ। आयोगले मतगणनाको पारदर्शिता अनि निष्पक्षता सुनिश्चित गर्नकालागि कुनै पनि प्रकारको लापरवाही तथा नियमहरुको उल्लंघनलाई सहन नगरिने स्पष्ट पारेको छ। यदि कुनै कर्मचारीबाट लापरवाही भएको पाएको खण्डमा कर्मचारी विरुद्ध सख्त विभागीय कार्यवाही गरिने तथा कर्मचारीले आफ्नो रोजगार पनि गुमाउन सक्ने आयोगले बताएको छ। आयोगका सूत्र अनुसार यस पटक चुनाव प्रक्रियाको शुरुआतदेखि नै कड़ा निगरानी राखिन्दैछ अनि मतगणनाको दिन पनि कुनै प्रकारको लचिलोपन दिइने छैन। हालै दक्षिण 24 परगना जिलाको फलता विधानसभा क्षेत्रमा प्रिसाइडिंग अनि पोलिंग अधिकारीहरुको लापरवाही अघि आएको थियो जसकारण उनीहरु विरुद्ध कार्यवागी गरिने संभावना व्यक्त गरिएको छ। हाल सबै इलेक्ट्रॉनिक वोटिंग मशीन (ईवीएम) कड़ा सुरक्षा बीच स्ट्रॉन्गरूमहरुमा राखिएको छ। मतगणना पूर्ण रुपले सुरक्षा घेरामा गराइनेछ। मतगणनाको लागि राज्यमा 77 केंद्र बनाइएको छ। शांतिपूर्ण तरीकाले मतगणना गराउनकालागि 165 काउंटिंग ऑब्जर्वर तैनात गरिएको छ। यस बाहेक अतिरिक्त ऑब्जर्वर अनि 77 पुलिस ऑब्जर्वर पनि नियुक्त गरिएको छ। सुरक्षाको मध्यनजर धेरै मतगणना केंद्रहरु नजिक दंड प्रक्रिया संहिताको धारा 163 लागू गरिएको छ अनि स्ट्रॉन्गरूमहरुको 200 मीटरको सिमामा पांच तथा ५ भन्दा अधिक मानिसहरु एकत्र हुन माथी प्रतिबंध लगाइएको छ। आयोग अनुसार मतगणना अघि कुनै पनि प्रकारको तनावपूर्ण स्थिति अथवा अवांछित घटनालाई रोक्नको लागि यो कदम उठाइएको हो।

## दिलीप घोष

भारतीय जनता पार्टीका वरिष्ठ नेता दिलीप घोष आज बिहान खडगपुर एसडीओ कार्यालयको मतगणना केन्द्रतर्फ प्रस्थान गरेका छन्। बिहानैदेखि मतगणना केन्द्र वरपर कडा सुरक्षा व्यवस्था गरिएको छ। पुलिस र केन्द्रीय बल परिचालन भइरहेकै बेला विभिन्न राजनीतिक दलका उम्मेदवार र तिनका एजेन्ट केन्द्रमा पुगेका छन्। मतगणना प्रक्रिया शान्तिपूर्वक सम्पन्न गर्न प्रशासनले पूरै क्षेत्रमा निगरानी बढाएको छ।

यसैबीच, भाजपा नेता दिलीप घोषले मतगणनाको बारेमा विश्वास व्यक्त गर्नुहुदै पार्टीलाई खडगपुरका जनताको पूर्ण समर्थन प्राप्त भएको र यसपटक पनि परिणाम सकारात्मक हुने अपेक्षा गरिएको बताउनु भएको छ ।

## नेपालको बालेन सरकारले भारत र चीनलाई कूटनीतिक विरोध पत्र पठायो

नेपालको बालेन सरकारले भारत र चीनबीच लिपुलेक भञ्ज्याङ हुँदै सञ्चालन भइरहेको कैलाश मानसरोवर यात्राको विरोध गर्दै दुवै देशलाई कूटनीतिक पत्र पठाएको छ।

नेपालको विदेश मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल छेत्रीले जानकारी दिनु हुदै बताउनु भयो , नेपाल सरकारले लिपुलेक क्षेत्र हुँदै कैलाश मानसरोवर यात्रा गर्ने योजनाको औपचारिक विरोध गर्दै भारत र चीन दुवैलाई पत्र पठाएको छ।

नेपालका विदेश मन्त्री शिशिर खनालले फोनमार्फत यस विषयमा सबै राजनीतिक दलहरूसँग परामर्श गरेपछि नेपालको आधिकारिक अडान दुवै देशलाई जानकारी गराइएको बताउनु भयो ।

विदेश मन्त्रालयद्वारा जारी प्रेस विज्ञप्तिमा भनिएको छ, "नेपाल सरकारले नेपाली भूभाग लिपुलेक हुँदै प्रस्तावित कैलाश मानसरोवर यात्राको सम्बन्धमा कूटनीतिक माध्यमबाट भारत र चीन दुवैलाई आफ्नो स्पष्ट अडान र चिन्ता दोहोर्‍याएको छ।"

सरकारले १८१६ को सुगौली सन्धि अनुसार महाकाली नदीको पूर्वमा अवस्थित लिम्पियाधुरा, लिपुलेक र कालापानी नेपालको अभिन्न अंग भएको र नेपाल सरकार यस विषयमा पूर्ण रूपमा स्पष्ट र दृढ रहेको कुरा पनि दोहोर्‍याएको छ।

प्रेस विज्ञप्तिमा भनिएको छ, नेपाल सरकारले यस क्षेत्रमा सडक निर्माण वा विस्तार, सीमा व्यापार र तीर्थयात्रा जस्ता गतिविधिहरू नगर्न भारत सरकारलाई निरन्तर आग्रह गर्दै आएको छ। नेपालले यस क्षेत्रको बारेमा भारत र चीन दुवैलाई आफ्नो दाबी र संवेदनशीलता बारम्बार सम्झाएको छ।

****** ० ******